बागमती प्रदेश सरकार

खानेपानी उर्जा तथा सिचाइ मन्त्रालय

# खानेपानी तथा सरसफाई डिभिजन नं.३ सिन्धुपाल्चोक

## विभिन्न खरीद कार्यको दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१२**

यस कार्यालय अन्तर्गत सन्चालित विभिन्न खानेपानी आयोजनाहरूमा चालु आ.व. ०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न खरीद कार्य दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले इजाजत प्राप्त दरभाउपत्र दाताहरूबाट निम्न शर्तको अधिनमा रही प्रत्येक प्याकेजको लागि छुट्टा छुट्टै दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिले दरभाउपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समय भित्र चालु आ.व.को लागि नवीकरण भएको ईजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र संलग्न राखी दरभाउपत्र खरिदको निवेदन साथ तपसिलमा उल्लेखित राजस्व दस्तुर बुझाई (फिर्ता नहुने गरी) दरभाउपत्र सम्बन्धी कागजात कार्यालय समयभित्र यस कार्यालय, सिन्धुपाल्चोकबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ ।

३. दर्ता भएका दरभाउपत्र सूचना प्रथमपटक प्रकाशित मितिले १६ औं दिन दिनको १.०० बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन एवं खोल्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरू विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. दरभाउपत्र जमानत वापतको रकम तल उल्लेखित तालिकामा उल्लेख भए बमोजिम प्रदेश लेखा इकाई कार्यालयको एकल कोष धरौटी खाता नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चौतारामा रहेको कार्यालयको कोड नं ३१३०२२७०१३ धरौटी खाता नं. ०५७०२०००००२००३००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम दिनले कम्तीमा ९० दिन म्यादभएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्रमा दर रेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर अंक र अक्षर दुवैमा स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अङ्कबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन । एच.डि.पि.पाईपको हकमा इजाजत प्राप्त निर्माता वा निर्माता कम्पनीबाट एकलौटी अधिकार प्राप्त फर्महरूबाट मात्र दरभाउपत्र खरिद गर्ने र दाखिला गर्न पाउने छ ।

८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सूचनामा नपरेका कुराहरू सार्वजनिक खरिद ऐन, ०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ। अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | लगतअनुमान रकम रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १०/०८२/८३ | काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि जि.आई. पाईप सप्लाई सम्बन्धि कार्य । | १७,४७,२००।०० | १०००।- | ५०,०००।- | दरभाउपत्र |
| ११/०८२/८३ | सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि जि.आई. पाइप सप्लाई सम्बन्धि कार्य । | १७,३०,२४५।०० | १०००।- | ५०,०००।- | दरभाउपत्र |
| १२/०८२/८३ | सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य | १७,५५,०००।०० | १०००।- | ५०,०००।- | दरभाउपत्र |
| १३/०८२/८३ | सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य | १७,३५,४००।०० | १०००।- | ५०,०००।- | दरभाउपत्र |
| १४/०८२/८३ | काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य | १७,२२,२५५।०० | १०००।- | ५०,०००।- | दरभाउपत्र |
| १५/०८२/८३ | काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य | १७,५०,५५०।०० | १०००।- | ५०,०००।- | दरभाउपत्र |

**डिभिजन प्रमुख**